**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

1. प्रधान मन्त्री नरेन्द्र मोदीले पूर्वी भारतको विकास, विकसित भारतको दृष्टिकोणको केन्द्रबिन्दु रहेको र केन्द्र सरकार यस लक्ष्यका लागि निरन्तर काम गरिरहेको बताउनु भयो।

2. सरकारले विकसित भारत-रोजगार र आजीविका ग्यारेन्टी मिशन अधिनियमको सम्बन्धमा गरिएका भ्रामक दाबीहरूको खण्डन गरेको छ।

3. विश्व आर्थिक मञ्चको ५६ औँ वार्षिक शिखर सम्मेलन स्वीट्जरल्याण्डको दावोसमा आजदेखि सुरु हुँदैछ ।

4. उत्तर प्रदेश सरकारले प्रधानमन्त्री आवास योजना अन्तर्गत नौ वर्षमा ६२ लाख परिवारलाई घर दिएर नयाँ रेकर्ड बनाएको छ।

5. अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई "शांति बोर्ड" को सदस्य बन्न निमन्त्रणा दिनुभएको छ ।

**<u>प्रधानमंत्री - पश्चिम बंगाल</u>**

प्रधान मन्त्री नरेन्द्र मोदीले हिजो साँझ पश्चिम बङ्गालको हुगली जिल्लाको सिंगुरमा ८३० करोड रुपैयाँभन्दा अधिकका विकास परियोजनाहरूको शुभारम्भ गर्नुभयो। एक जनसभालाई सम्बोधन गर्दै प्रधान मन्त्रीले भन्नुभयो, पूर्वी भारतको विकास, विकसित भारतको दृष्टिकोणको केन्द्रबिन्दु हो। उहाँले भन्नुभयो, केन्द्र सरकार यस लक्ष्यका लागि निरन्तर काम गरिरहेको छ। श्री मोदीले भन्नुभयो, पश्चिम बङ्गालमा पूर्वाधार र संपर्क सुदृढ गर्न सयौं करोडका परियोजनाहरू कार्यान्वियन भइरहेका छन्।

बाईट

श्री मोदीले हिजो कोलकातालाई दिल्लीको आनन्द विहार टर्मिनल, वाराणसी र तमिलनाडुको ताम्बरमसँग जोड्ने थप तीन अमृत भारत एक्सप्रेस रेलहरूलाई झण्डा देखाउनु भयो। प्रधान मन्त्रीले भन्नुभयो, देशको पहिलो वन्दे भारत स्लीपर ट्रेनलाई शनिबार पश्चिम बङ्गालबाट झण्डा देखाइएको थियो जबकि राज्यले लगभग आधा दर्जन अमृत भारत एक्सप्रेस सेवाहरू प्राप्त गरिसकेको छ।

प्रधानमन्त्रीले बालागढमा **विस्तारित बंदरगाह द्वार प्रणाली**को शिलान्यास गर्नुभयो, जसमा अंतर्देशीय जल परिवहन टर्मिनल र रोड ओभरब्रिज समावेश छ। लगभग 900 एकडमा फैलिएको यस सुविधालाई प्रति वर्ष 27 लाख टन क्षमताको आधुनिक कार्गो ह्यान्डलिंग टर्मिनलको रूपमा परिकल्पना गरिएको छ। प्रधान मन्त्रीले भन्नुभयो, बन्दरगाह र अन्तर्देशीय जलमार्गसँग सम्बन्धित परियोजनाहरूले राज्यलाई उत्पादन, व्यापार र रसदको हबमा रूपान्तरण गर्न मद्दत गर्नेछ र रोजगारी पनि सिर्जना गर्नेछ। श्री मोदीले भन्नुभयो, यस परियोजनाले भारी कार्गो ट्राफिकलाई डाइभर्ट गरेर कोलकातामा भीडभाड कम गर्ने, रसद दक्षतामा सुधार गर्नेछ र हुगली र वरपरका क्षेत्रहरूका लागि नयाँ आर्थिक अवसरहरू खोल्नेछ।

प्रधान मन्त्रीले हुगली नदीको किनारमा पर्यावरण-अनुकूल शहरी नदी यातायात र पर्यटनलाई बढावा दिन कोलकातामा

अत्याधुनिक इलेक्ट्रिक क्याटामरैनको पनि उद्घाटन गर्नुभयो।

**भाजपा अध्यक्ष चुनाव**

भारतीय जनता पार्टीको राष्ट्रिय अध्यक्षको चुनावका लागि आज नामाङ्कन पत्र दर्ता गरिनेछ। पार्टीका राष्ट्रिय निर्वाचन अधिकारी तथा सांसद के लक्ष्मणले सार्वजनिक गरेको निर्वाचन कार्यतालिकाअनुसार दिउँसो २ बजेदेखि ४ बजेसम्म नामांकन दर्ता गर्न सकिनेछ। चुनावको सम्पूर्ण प्रक्रिया नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा हुनेछ। एक रिपोर्ट:

**तथ्य जांच - वीबी जी राम जी**

सरकारले विकसित भारत-रोजगार र आजीविका ग्यारेन्टी मिशन (ग्रामीण) अधिनियमको सम्बन्धमा गरिएका भ्रामक दाबीहरूको खण्डन गरेको छ। विपक्षीद्वारा यस अधिनियमको आलोचना तथ्यगत रूपमा गलत र भ्रामक भएको बताउँदै सरकारले अधिनियमले प्रत्येक ग्रामीण परिवारलाई कम्तिमा १२५ दिनको रोजगारीको सुनिश्चितता गरेको छ। सरकारले कामको हक खोस्ने दाबी राजनीतिक प्रेरित भएको बताएको छ भने अधिनियमले १५ दिनभित्र रोजगारी उपलब्ध गराउनुपर्ने उल्लेख छ, अन्यथा बेरोजगारी भत्ता अनिवार्य रहेको सपस्ट पारेको छ।

**छत्तीसगढ़-मुठभेड़**

छत्तिसगढको बिजापुरमा भएको मुठभेड़मा चार महिलासहित छ जना माओवादीको मृत्यु भएको छ। मुठभेड़मा मारिनेमा दिलीप बेदजा, मदवी कोसा, लखी मदकम र राधा रहेका छन्। बाँकी दुई जनाको पहचान प्रक्रिया जारी छ। अधिकारीहरूका अनुसार दिलीप बेड्जा लामो समयदेखि इन्द्रावती रिजर्व र राष्ट्रिय निकुञ्ज क्षेत्रमा सक्रिय थिए र राज्यविरुद्ध हिंसात्मक अभियान चलाइरहेका थिए। जिला रिजर्भ गार्ड, कोब्रा र **विशेष कार्य बल**को संयुक्त टोलीले गरेको यो अभियानले त्यस क्षेत्रमा माओवादी गतिविधिमा ठूलो झटका लागेको छ। मुठभेडमा दुई एके–४७ राइफल, एक इन्सास राइफल, दुई .३०३ राइफल र ६ वटा ग्रिनेड सहित ठूलो मात्रामा हतियार र गोला बारुद पनि बरामद गरिएको छ।
यसैबीच मुख्यमन्त्री विष्णुदेव साईले माओवादीलाई हिंसा त्यागेर मूलधारमा आउन अपिल गर्नुभएको छ।

**पुस्तक मेला - समापन**

५३ औं विश्व पुस्तक मेला हिजो साँझ सम्पन्न भएको छ। राष्ट्रीय पुस्तक न्यासले आयोजना गरेको नौ दिनसम्म चल्ने मेलामा ३५ भन्दा बढी देशका एक हजारभन्दा बढी प्रकाशकको सहभागिता रहेको थियो। कथा, विचार र संस्कृतिलाई एकै ठाउँमा ल्याएर मेलाले जिज्ञासु बालबालिका र उत्साही युवादेखि अनुभवी ज्येष्ठ नागरिकसम्म सबै उमेर समूहका पाठकलाई आकर्षित गरेको छ।

**विश्व आर्थिक मंच**

विश्व आर्थिक मञ्चको ५६ औँ वार्षिक शिखर सम्मेलन स्वीट्जरल्याण्डको दावोसमा आजदेखि सुरु हुँदैछ। सम्मेलनमा विश्वका ३ हजारभन्दा अधिक नेताहरु सहभागी हुनेछन्। पाँच दिनसम्म चल्ने सम्मेलनमा १०० भन्दा अधिक भारतीय सीईओ तथा सरकारी प्रतिनिधिमण्डलको सहभागिता रहनेछ। बैठकमा केन्द्रीय मन्त्रीहरु अश्विनी वैष्णव, प्रह्लाद जोशी र के राममोहन नायडू सहभागी हुने अपेक्षा गरिएको छ।

**यूएई-राष्ट्रपति दौरा**

प्रधान मन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा संयुक्त अरब अमीरातका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाहयान आज भारत भ्रमणमा आउनुहुने भएको छ। यस भ्रमणले दुवै नेताहरूलाई भारत-यूएई व्यापक रणनीतिक साझेदारीलाई अगाडि बढाउने र आपसी हितका क्षेत्रीय एवम् वैश्विक मुद्दाहरूमा विचारहरूको आदान-प्रदान गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ।

**यूपी-सीएम-पीएमएवाई**

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले, 'राज्य सरकारले प्रधानमन्त्री आवास योजना अन्तर्गत नौ वर्षमा ६२ लाख परिवारलाई घर दिएर नयाँ रेकर्ड बनाएको छ। लखनऊको इन्दिरा गान्धी प्रतिष्ठानमा आयोजित एक समारोहमा मुख्यमन्त्रीले राज्यका 2 लाख 9 हजार चार सौ 21 स्वीकृत लाभार्थीहरूको खातामा पहिलो किस्ता हस्तान्तरण गर्नुभयो। मुख्यमन्त्रीले यसलाई गरिब, मध्यम वर्ग र शहरी आवश्यकतामा परेका मानिसहरूका लागि ऐतिहासिक कदम भएको बताउनु भयो।

**सशो.ट्रंप-मोदी**

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई "शांति बोर्ड" को सदस्य बन्न निमन्त्रणा दिनुभएको छ। यो बोर्डले गाजामा स्थायी शान्ति ल्याउने दिशामा काम गर्नेछ। अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले यस सम्बन्धमा प्रधानमन्त्री मोदीलाई पत्र पठाएका छन्, जसलाई भारतका लागि अमेरिकी राजदूत सर्जियो गोरले सामाजिक सोशल मीडियामा गर्नुभएको छ।

**आफ्नो पत्रमा ट्रम्पले 'मध्यपूर्वमा शान्ति बहाली गर्ने प्रयासमा मोदीलाई आमन्त्रण गर्न पाउनु र विश्वव्यापी** संघर्षहरुको **समाधानका लागि नयाँ साहसिक दृष्टिकोण अपनाउन आमन्त्रण गर्नु ठूलो सम्मानको विषय रहेको बताउनु भयो।**